मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: एम.एड./तेस्रो सेमेस्टर

बिषय: प्रायोगिक भाषाविज्ञानका केही पक्ष (नेपा.शि.५३५)

---

रोल नं. ................

समूह 'क' $\qquad$ १०×१ = १०

**सर्वोपयुक्त उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस्।**

१. प्रायोगिक भाषाविज्ञान ले कुन क्षेत्रलाई समेट्दैन ?
(क) शैलीविज्ञान
(ख) कोशविज्ञान
(ग) अनुवादविज्ञान
(घ) ध्वनिविज्ञान

२. प्रायोगिक भाषाविज्ञानको विकासक्रममा मनोवादी मोडमा विकसित पद्धति कुन हो?
(क) संज्ञानात्मक पद्धति
(ख) श्रुतिभाषिक पद्धति
(ग) प्रकार्यात्मक पद्धति
(घ) ट्रान्सक्रिप्सन् पद्धति

३. विदेशी वा अन्य भाषा सिक्दा मातृभाषाको प्रकृतिअनुसार सिकाइ सहज वा जटिल हुन्छ भन्ने विद्वान को हुन् ?
(क) बेनरिख
(ख) होर्फ
(ग) ल्याडो
(घ) फ्राइज

४. त्रुटि विश्लेषण कुन विषयमा सम्बन्धित छ ?
(क. कठिनाइहरूको पहिचानमा केन्द्रित
(ख) कठिनाइहरूको रोकथाममा केन्द्रित
(ग. कठिनाइहरूको पूर्वानुमानमा केन्द्रित
(घ) कठिनाइहरूको खास क्षेत्रमा केन्द्रित

५. सरल तर पाठकका लागि कम सम्प्रेषणीय मानिने अनुवाद कुन हो ?
(क) मौखिक
(ख) शाब्दिक
(ग) विषयोन्मुख
(घ) आदर्श अनुवाद

६. अनुवादमा देखिने प्रमुख समस्या कुन हो ?
(क) अनुवादक दक्ष नहुनु
(ख) सांस्कृतिक विशेषताहरू नमिल्नु
(ग) व्याकरणिक व्यवस्थामा मेल नहुनु
(घ) एउटै शब्द का अनेकार्थी रूप पाइनु

७. 'गाम बेसीका गीत' पदावलीमा कुन प्रकृतिको विचलन देखिन्छ ?
(क) व्याकरणिक
(ख) अर्थतात्विक
(ग) भाषिकागत
(घ) लेख्य प्रक्रियागत

८. संशक्ति सम्बन्धी कुन भनाइ उपयुक्त देखिन्छ ?
(क सङ्कथनको ऐच्छिक तत्व
(ख) सङ्कथनको अनिवार्य तत्व
(ग अभिव्यक्ति आन्तरिक संयोजन
(घ) अभिव्यक्तिको वैचारिक सिलसिला

९. भाषा पाठ्यक्रम निर्माण गर्दा पाठ्यवस्तुको निर्धारण कुन चरणमा गरिन्छ ?
(क) पहिलो चरण
(ख) दोस्रो चरण
(ग) तेस्रो चरण
(घ) चौथो चरण

१०. भाषा पाठ्यपुस्तकमा भाषिक सिप विकासको दृष्टिले विशेष महत्व राख्ने प्राज्ञिक विशेषता कुन हो ?
(क) भाषा संरचना
(ख) अभ्यास
(ग) शब्दभण्डार
(घ) चित्र